फोनः ०७-४०५१३५, ९८५७०२९५२३

सैनामैना-१, रानबगैंचा

फोनः ०७-४०५१३५, ९८५७०२९५२३

**महाराजगंज नगरपालिका**

**महाराजगंज नगरकार्यपालिकाको कार्यालय**

महाराजगंज, कपिलवस्तु

प्रदेश नं.५, नेपाल

# शिलबन्दी दरभाउपत्र र बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०८/१३)

यस कार्यालयबाट आ.व. २०७६/०७७ मा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित स्थानको कार्य शिलबन्दी दरभाउपत्र र बोलपत्रद्धारा गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुले निम्नशर्तहरुको अधिनमा रही रीतपुर्वकको दरभाउपत्र /बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र/बोलपत्र तपसिलमाउल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का ईजाजतपत्र, प्यांननम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७५/७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १५ दिन र बोलपत्रको हकमा ३० दिन भित्र कार्यालयको राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेका दरभाउपत्र/बोलपत्र फाराम नियमानुसार भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.न., दरभाउपत्र/बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी दरभाउपत्र/बोलपत्र विक्रि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्र/बोलपत्र सोहि दिनको २:०० बजे दरभाउपत्र/बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र/बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र/बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. सूचनामा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि.एशिया बैंक सालझण्डी शाखाको धरौटि खाता नं. A9CA052488552402 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यताप्राप्त बाणिज्य बैकले जारी गरेको कम्तिमा ९०/१२० दिन म्यादभएको बिड बन्ड दरभाउपत्र/बोलपत्र साथ संलग्न हुनुपर्नेछ । खाममा नगद दाखिला गरेकोमा रुपैया मान्य हनु छैन ।

४. दरभाउपत्र/बोलपत्र सर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, दरभाउपत्र/बोलपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु परेमा सच्चाइएको ठाउंमा दस्तखत भएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र/बोलपत्र माथिकुनै कारवाही हुनेछैन ।

५. नेपाल सरकारलाई तिर्न/बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु दरभाउपत्र/बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक समावेश गरिएको मानिने छ ।

६. दरभाउपत्र/बोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र/बोलपत्र भरेको मानिनेछ ।

७. दरभाउपत्र/बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलीपल्ट दर्ता गर्न सकिनेछ ।

८. दरभाउपत्र/बोलपत्र को डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन ।

९. प्राप्त दरभाउपत्र/बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. दरभाउपत्र/बोलपत्र फारामको प्रत्येक पानामा दरभाउपत्रदाताले छाप सहित सहि गर्नुपर्नेछ ।

११. दरभाउपत्र/बोलपत्रदाताबाटं निर्माण कार्यको दरभाउपत्र/बोलपत्रमा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र/बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

१२. दरभाउपत्र/बोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१३. यसमा उल्लेख नभएका बिषयको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

१४. अन्य जानकारीको लागी यस कार्यालयको सम्पर्क नं. ०७६-४०००३५ मा सम्पर्क राख्नुहोला ।

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ल.ई. (भ्याट र कन्टिजेन्सी बाहेक) | धरौटी रकम | दरभाउपत्र/बोलपत्र को मुल्य रु |
|---|---|---|---|---|---|
| १ | ०१/KPL/MM/BDG/०७६/७७ | वार्ड न-८सोनबर्षा भगवान अमितानन्द प्रा.बि दुई कोठे भवन निर्माण | १७,२७,८२२/७९ | ५०,०००/- | १०००/- |
| २ | ०२/KPL/MM/BDG/०७६/७७ | वार्ड न-३ राधेश्याम नि.मा.बि जमुनीमा दुई कोठे भवन निर्माण | १७,२५,६१२/५४ | ५०,०००/- | १०००/- |
| ३ | ०३/KPL/MM/BDG/०७६/७७ | वार्ड न-९ को वडा कार्यलयमा दुई कोठे थप भवन निर्माण | ३०,१८,५२१/११ | ८५,०००/- | ३०००/- |
| ४ | ०४/KPL/MM/BDG/०७६/७७ | वार्ड न-८ कजरहवा स्वस्थ चौकी भवन माथि तल्ला थप | २१,५७,४००/०७ | ६०,०००/- | ३०००/- |
| ५ | ०५/KPL/MM/BDG/०७६/७७ | बिर्थिंग सेन्टर भवन निर्माण वार्ड न-११ | ३४,४८,६४२/५५ | १,००,०००/- | ३,०००/- |
| ६ | ०६/KPL/MM/BDG/०७६/७७ | वार्ड न-१० हर्दौना बर्थिंग सेन्टर भवन माथि तल्ला थप | २१,५७,८९५/८४ | ६०,०००/- | ३,०००/- |
| ७ | ०७/KPL/MM/BDG/०७६/७७ | बर्थिंग सेन्टर निर्माण वडा न.४ | ४३,१०,८६९/१७ | १,२५,०००/- | ३,०००/- |
| ८ | ०८/KPL/MM/BDG/०७६/७७ | बर्थिंग सेन्टर भवन निर्माण वडा न.६ | २१,५७,०६८/११ | ६०,०००/- | ३,०००/- |

C M Y K +